आज मिति २०७४/०४/२३ गते यस रामेछाप नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नरबहादुर थापा मगर ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

१. नगर प्रमुख श्री नरबहादुर थापा मगर

२. नगर उप-प्रमुख श्री सृजना खड्का

३. वडा नं. १, वडा अध्यक्ष श्री नरबहादुर थापा क्षेत्री

४. वडा नं. २, वडा अध्यक्ष श्री निरबहादुर श्रेष्ठ

५. वडा नं. ३, वडा अध्यक्ष श्री भुपालराज श्रेष्ठ

६. वडा नं. ४, वडा अध्यक्ष श्री टुपेन्द्र बहादुर तामाङ्ग

७. वडा नं. ५, वडा अध्यक्ष श्री भिम बहादुर तमाङ्ग

८. वडा नं. ६, वडा अध्यक्ष श्री धन बहादुर खड्का

९. वडा नं. ७, वडा अध्यक्ष श्री समिर कार्की

१०. वडा नं. ८, वडा अध्यक्ष श्री केदार कार्की

११. वडा नं. ९, वडा अध्यक्ष श्री चन्द्र बहादुर श्रेष्ठ

१२. नगर कार्यपालिका सदस्य श्री जमुना हायु

१३. नगर कार्यपालिका सदस्य श्री समिता वि.क.

१४. नगर कार्यपालिका सदस्य श्री ज्ञानुदेवी बस्नेत कार्की

१५. नगर कार्यपालिका सदस्य श्री अनिता कार्के

१६. नगर कार्यपालिका सदस्य श्री कविता रिसाल

१७. नगर कार्यपालिका सदस्य श्री रुकुम हायु

१८. नगर कार्यपालिका सदस्य श्री सरोज कटुवाल

१९. नगर कार्यपालिका सदस्य श्री जनकराज सुनुवार

२०. नि.कार्यकारी अधिकृत श्री गणेश नेपाली

आमन्त्रित

१. लेखा अधिकृत श्री ज्ञानबहादुर खड्का

२. स्वकीय सचिव श्री लक्ष्मण श्रेष्ठ

३. ह.स.चा लक्ष्मण के.सी

गणेश नेपाली
कार्यकारी अधिकृत

Scanned with CamScanner

प्रस्तावहरु :
१. कर्मचारी व्यवस्थापन सम्वन्धमा ।
२. खरिद इकाई गठन सम्वन्धमा ।
३. वडा कार्यालयको प्रशासनिक खर्च सम्वन्धमा ।
४. कार्यालय व्यवस्थापन सम्वन्धमा ।
५. मतदाता नामावली दर्ता सम्वन्धमा ।
६. नगर प्रोफाइल वनाउने सम्वन्धमा ।
७. नक्सापास फाराम छपाई सम्वन्धमा ।
८. पूर्व निर्मित भवन नियमित गर्ने सम्वन्धमा ।
९. जिल्ला स्तरीय सडकमा बनेको घर नक्सापास सम्वन्धमा ।
१०. सामाजिक सुरक्षा भत्ता आय र व्यय सम्वन्धमा ।
११. आ.ले.प. र म.ले.प. शुल्क सम्वन्धमा ।
१२. सामाजिक परिचालन कार्यक्रम म्याद थप सम्वन्धमा ।
१३. नेपाल रेडक्रस सोसाइटीलाई सहयोग सम्वन्धमा ।
१४. जिल्ला स्वास्थ्य कार्यालयको गत आ.व.को शहरी स्वास्थ्य केन्द्र सञ्चालन समपूरक रकम माग सम्वन्धमा ।
१५. तेस्रो हिरोज तेक्वान्दो इन्टरनेशनल च्याम्पियनसिप प्रतियोगिता (थाइल्याण्ड, वैकक) का सहभागी टिकाराम रानामगर लाई प्रोत्साहन सम्वन्धमा ।
१६. नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको सावधिक जीवन बीमा सम्वन्धमा ।
१७.रामेछाप नगर उद्योग वाणिज्य संघः सूचना प्रविधि व्यवस्थापन साझेदारी कार्यक्रमको लागि सामाग्री माग सम्वन्धमा ।
१८. विविध ।

निर्णय नं. १
रामेछाप नगरपालिका अन्तरगतका कर्मचारीहरुको करार संझौता अवधि २०७४ असार मसान्तमा समाप्त भएकोले देहाय वमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

रामेछाप नगरपालिका LGCDP तर्फ

| सि.नं. | कर्मचारीको नाम | पद | कार्यरत संस्था | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री कुसुम भट्टराई | ईन्जिनियर | रामेछाप नगरपालिका | २०७४ असोज मसान्त | |

रामेछाप नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरु

| सि.नं. | कर्मचारीको नाम | पद | कार्यरत संस्था | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री दुर्गाबहादुर कठायत | प्रा.सहायक | वडा नं.१ वडा कार्यालय | २०७४ पौष मसान्त | |
| २. | श्री अशोक सुनुवार | प्रा.सहायक | वडा नं.४ वडा कार्यालय | २०७४ पौष मसान्त | |
| ३. | श्री ईन्द्रबहादुर रानामगर | का.सहायक | वडा नं.५ वडा कार्यालय | २०७४ पौष मसान्त | |
| ४. | श्री दुधवहादुर दर्लामीमगर | का.सहयोगी | वडा नं.२ वडा कार्यालय | २०७४ पौष मसान्त | |
| ५. | श्री सार्की कसाई | सरसफाईकर्ता | रामेछाप नगरपालिका | २०७४ पौष मसान्त | |
| माथि उल्लेखीत म्याद थप भएका कर्मचारीहरुको सेवा सुविधा प्राविधिक सहायक/कार्यालय सहायकलाई खरिदार स्तर तथा कार्यालय सहयोगी र सरसफाईकर्तालाई कार्यालय सहयोगीको शुरु तलव स्केल कायम गर्ने निर्णय गरियो । | | | | | |

गणेश नेपाली
कार्यकारी अधिकृत

CS Scanned with CamScanner

नगरपालिकाको स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरु

| सि.नं. | कर्मचारीको नाम | पद | कार्यरत संस्था | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री नमुना खड्का | अ.न.मि. | स्वास्थ्य चौकी गोठगाउँ | २०७४ पौष मसान्त | |
| २. | श्री सरिता तामाङ | अ.न.मि. | स्वास्थ्य चौकी देउराली | २०७४ पौष मसान्त | |
| ३. | श्री शोभा कुमारी तामाङ | अ.न.मि. | स्वास्थ्य चौकी देउराली | २०७४ पौष मसान्त | |
| ४. | श्री मन्जुकुमारी श्रेष्ठ | अ.हे.व. | शहरी स्वास्थ्य केन्द्र भालुखोप | २०७४ पौष मसान्त | |
| ५. | श्री संगीता तामाङ | का.स. | शहरी स्वास्थ्य केन्द्र भालुखोप | २०७४ पौष मसान्त | |
| ६. | श्री सुयन्द्र कुमार श्रेष्ठ | अ.हे.व. | शहरी स्वास्थ्य केन्द्र मुडाजोर | २०७४ पौष मसान्त | |
| ७. | श्री राजेश्वरी श्रेष्ठ | अ.न.मी. | शहरी स्वास्थ्य केन्द्र मुडाजोर | २०७४ पौष मसान्त | |
| ८. | श्री सुनिता हायू | का.स. | शहरी स्वास्थ्य केन्द्र मुडाजोर | २०७४ पौष मसान्त | |
| ९. | श्री रुद्रबहादुर प्रधान | अ.हे.व. | धारापानी सामुदायिक स्वास्थ्य ईकाई हिमगंगा | २०७४ पौष मसान्त | |
| १०. | श्री मञ्जु श्रेष्ठ | अ.न.मि. | धारापानी सामुदायिक स्वास्थ्य ईकाई हिमगंगा | २०७४ पौष मसान्त | |
| ११. | श्री सामना गिरी | का.स. | धारापानी सामुदायिक स्वास्थ्य ईकाई हिमगंगा | २०७४ पौष मसान्त | |
| १२. | श्री सावित्री थापा मगर | का.स. | हिमगंगा स्वास्थ्य चौकी | २०७४ पौष मसान्त | |
| माथि उल्लेखीत म्याद थप भएका कर्मचारीहरुको सेवा सुविधा साविक बमोजिमको कायम गर्ने निर्णय गरियो । | | | | | |

निर्णय नं. २

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ बमोजिम यस रामेछाप नगरपालिकाको खरिद इकाई तपसिल बमोजिम गठन गरियो ।

तपशिल

| | | |
|---|---|---|
| १. संयोजक : | ईन्जिनियर श्री कुसुम भट्टराई | (योजना शाखा प्रमुख) |
| २. सदस्य : | खरिदार श्री घनामाया श्रेष्ठ | (प्रशासन शाखा प्रमुख) |
| ३. सदस्य सचिव : | लेखा अधिकृत श्री ज्ञानबहादुर खड्का | (लेखा शाखा प्रमुख) |

निर्णय नं. ३

रामेछाप नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुको लागि प्रथम नगर सभाबाट प्रशासनिक खर्च रु.२,००,०००।- ( दुई लाख ।) विनियोजन गरिएकोमा उक्त रकमबाट भवन नक्सा पास पूस्तिका, सामाजिक सुरक्षा परिचय पत्र, नगदी रसिद, मालपोत रसिद र दैनिक आय संकलन खाता बाहेकका अन्य प्रशासनिक खर्च गर्न सकिने निर्णय गरियो ।

निर्णय नं. ४

रामेछाप नगरपालिकालाई प्राप्त स्थानीय तह व्यवस्थापनको कार्यालय व्यवस्थापन बापत प्राप्त अनुदान रकम रु.४८,००,०००।- को तपशिल अनुसारको शिर्षकमा विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | फर्निचर तथा फिक्चर्स | १०,००,००० | |
| २. | सवारी साधन | १३,००,००० | |
| ३. | मेसिनरी औजार तथा उपकरण | १०,००,००० | |
| ४. | सार्वजनिक निर्माण तथा मर्मत | १५,००,००० | |
| | जम्मा | ४८,००,००० | |

गणेश नेपाली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ५
यस रामेछाप नगर क्षेत्र भित्र मतदाता नामावली दर्ता मिति २०७४।०४।१६ गते देखि २०७४।०४।३२ गते सम्म कृषि सेवा केन्द्र, रामेछाप बजारमा भइरहेकोले उक्त मतदाता नामावली दर्ता कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित वडा वडामा प्रचार प्रसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६
साविकको रामेछाप नगरपालिकामा साविकका ५ वटा गाविसहरु समावेश भएको र हालको रामेछाप नगरपालिकाको वस्तुगत विवरण सहितको नगर प्रोफाइल तयार गर्नुपर्ने भएकोले सो को लागि सेवा परामर्श खर्च शीर्षकवाट रु. ५,००,०००।-(पाँच लाख ।) विनियोजन गरी रामेछाप नगर प्रोफाइल तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ७
नगरपालिकाले भवनको नक्सापास गरि प्रमाण पत्र दिनु पर्ने भएकोले २००० प्रति नक्सा फाराम छपाई गर्ने निर्णय गरियो ।

निर्णय नं. ८
हालको रामेछाप नगरपालिकामा साविकका ५ वटा गाविसहरु समेत समावेश भएको र नगर क्षेत्र भित्रका कतिपय भवन नक्सापास नभई बनि सकेको अवस्था रहेकोले पूर्वनिर्मित भवन मापदण्ड पूरा गरी बनेको प्राविधिक प्रतिवेदनको आधारमा मिति २०७४ साल चैत्र मसान्त सम्म नियमित गरिने निर्णय गरियो ।

निर्णय नं. ९
रामेछाप नगरपालिका वडा नं.८ को विटार देखी रामेछाप वजार सम्म सडकको आसपासका यस अघि वनेका घरहरुको नक्सा नियमित तथा पास गर्ने (सार्वजनिक जग्गामा निर्माण गरिएको भन्दा वाहेक ) र यस नगरपालिकाको सडक मापदण्ड पारित भए पछि सोही बमोजिम हुने निर्णय गरियो ।

निर्णय नं. १०
रामेछाप नगरपालिकाको नगर सभाले पारित आय व्ययमा सामाजिक सुरक्षा भत्ता वापत आय व्यय उल्लेख गर्न छुट भएकोले आर्थिक वर्ष २०७४/७५ का लागि सामाजिक सुरक्षा भत्ता वापत अनुमानित रकम रु.७,००,००,०००।- आम्दानी तथा खर्च हुने निर्णय गरियो ।

निर्णय नं. ११
रामेछाप नगरपालिकावाट गत आ.व.२०७३/०७४ मा भए गरिएका आम्दानी र खर्चको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गर्नको लागि अन्य सेवा शुल्क शीर्षकवाट खर्च गर्ने गरी देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।
आन्तरिक लेखा परीक्षण शुल्क– रु.२०,०००।-(बीस हजार मात्र ।)
अन्तिम लेखा परीक्षण शुल्क– रु.५०,०००।-(पचास हजार मात्र ।)

निर्णय नं. १२
संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, LGCDP अन्तरगतको सामाजिक परिचालन कार्यक्रम आर्थिक वर्ष २०७४/०७५ को कार्तिक मसांन्त सम्म म्याद थप भई आएकोले सोही अनुसार सो कार्यक्रमको म्याद थप गरि साविक कै सेवा प्रदायक संस्था संग संझौता गर्ने निर्णय गरियो ।

निर्णय नं. १३
नेपाल रेडक्रस सोसाईटीले रामेछापमा आपतकालीन अवस्थाको लागि रगतको अभावलाई मध्यनजर राख्दै मन्थलीमा रक्त संचार केन्द्र स्थापना गरि संचालन गर्नको लागि प्रत्येक वडावाट रु.५,०००।- का दरले जम्मा रकम रु.४५,०००।- मात्र नेपाल रेडक्रस सोसाईटीलाई चालु विविध अन्य शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१४

गणेश नेपाली
कार्यकारी अधिकृत

Scanned with CamScanner

जिल्ला स्वास्थ्य कार्यालयले माग गरेको शहरी स्वास्थ्य केन्द्र संचालनकोलागि आर्थिक वर्ष २०७३/०७४ को समपुरक रकम रु.२,००,०००।- माग भई आएकोले सो रकम चालु विविध अन्य शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १५
तेस्रो हिरोज तेक्वान्दो इन्टरनेशनल च्याम्पियनसिप प्रतियोगिता(थाइल्याण्ड, वैकक) मा सहभागी हुने रामेछाप नगरपालिका वडा नं.८ का टिकाराम रानामगरलाई प्रोत्साहन स्वरुप रु.२५,०००।- अन्य भत्ता शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. १६
रामेछाप नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको मासिक पारिश्रमिकबाट रु.२००।- र नगरपालिकाले मासिक रु.२००।- थप गरी सावधिक जीवन बीमा गर्ने निर्णय गरियो ।

निर्णय नं.१७
रामेछाप नगर उद्योग वाणिज्य संघले सूचना प्रविधि व्यवस्थापन साझेदारी कार्यक्रमका लागि सामाग्री माग भई आएकोले व्यवसाय कर संकलनमा साझेदारी समेत गर्ने गरि एक सेट कम्प्युटर र प्रिन्टर खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १८
रामेछाप नगरपालिका वडा नं.७ को वडा कार्यालय रहेको भवन सहितको जग्गा जमिन पाताल सामुदायिक वनको क्षेत्राधिकार भित्र रहेकोले सो भवन रहेको जग्गा १० रोपनी वडा कार्यालयको नाममा हस्तान्तरणको लागि सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. १९
रामेछाप नगरपालिका वडा नं.४ मा विद्युत विस्तारको लागि वडा नं.५ को सिमलभञ्ज्याङ्ग देखी चिसापानी सम्म गाडिएको विद्युतको पोल हाल सो स्थानवाट विद्युत प्रसारण नभई अन्यत्रबाट गएकोले सो गाडिएको पोल उखेली वडा नं. ४ को तिलवारी हुदै पचलेपंखर लिफ्ट खानेपानी सम्म विद्युत प्रसारण गर्ने व्यवस्थाको लागी नेपाल विद्युत प्राधिकरणमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २०
रामेछाप नगरपालिका अन्तरगत सुनकोशि नदीमा रहेका धनेघाट, बिर्ता र हर्दिनीमा रहेका पुलका हेरालुको पारिश्रमिक मासिक रु.२५०।- भएकोमा गत आर्थिक वर्ष २०७३/०७४ देखी लागू हुने गरी मासिक रु.५००।- कायम गर्ने निर्णय गरियो ।

गणेश नेपाली
कार्यकारी अधिकृत

Scanned with CamScanner